# स्थानीय राजपत्र

अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित

| खण्ड २ | संख्या १ | मिति ............ |
|---|---|---|

भाग २

## अर्जुनचौपारी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# आमा समुहको विउँ पूँजी सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

अर्जुनचौपारी गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।१६

प्रस्तावनाः

सामजिक संघ संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको अर्जुनचौपारी गाउँपालिकाको संघ संस्था दर्ता सम्बन्धी कर्यविधी २०७९ अनुसार अर्जुनचौपारी गाउँपालिकाभित्र दर्ता तथा जिल्ला प्रशासन कार्यालय स्याङ्जामा दर्ता भई यस पालिकामा सुचिकृत भएका सम्पुर्ण आमा समुहका सदस्यहरुलाई आर्थिक एवं सामाजिक दृष्टिकोणबाट सवल र सक्षम बनाउनको लागी एवं समुदायमा महिला वर्गको नेतृत्व लाई अझ बढी सक्रीय वनाउन विउपुँजी परिचालन गरी शेयरको माध्यमबाट उक्त आमा समुहको सदस्यको खाता खोल्ने,शेयर भर्ने र बिक्री गरी दिर्घकालिन रुपमा समुदायको आर्थिक अवस्था सुधार गर्न नेपालको संविधानद्धारा स्थानीयतहलाई प्राप्त व्यवस्थापकीय र कार्यपालिकीय अधिकार अन्तर्गत स्थानीय तहमा दर्ता तथा सुचिकृत आमा समुहको सम्पुर्ण सदस्यहरु , तिनीहरुको व्यवस्थापन गर्न बाञ्छानिय भएकोले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १ ०२ को अधिकार प्रयोग गरी यो कार्यविधी बनाई जारी गरिएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः (क) यस कार्यविधिको नाम विउँपूँजी संचालन कार्यविधि, २०८१ रहनेछ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भएको मितिबाट लागूहुनेछ ।

२) परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क.“आमा समूहको सदस्य भन्नाले सामाजिक संघ संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको अर्जुनचौपारी गाउँपालिकाको आमा समूह गठन तथा सञ्चालन कार्यविधी

२०७९ अनुसार अर्जुनचौपारी गाउँपलिकामा दर्ता भएका र जिल्ला प्रशासन कार्यालयमा दर्ता भई यस अर्जुनचौपारी गाउँपालिकामा सुचीकृत भएको आमा समूहको सदस्य जनाउँदछ।।

ख."अध्यक्ष"भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्ष भन्ने बुझाउँछ ।

ग. "गाउँपालिका"भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनु पर्छ ।

घ."कार्यपालिका भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

ङ."गाउँसभा"भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

च."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ. "लाभग्राही भन्नाले"दफा ४ बमोजिम विउँपूँजी परिचालन गर्न छनौट भएका सम्पुर्ण आमा समूहको सदस्यहरु सम्झनु पर्छ ।

सदस्य हरुमाः संस्थापक सदस्य, साधारण सदस्य,आजिवन र मानार्थ रहने छन।

## परिच्छेद–२

## आमा समुहको विउँपूँजी परिचालन गर्न कायम गरिने लाभग्राही पहिचानको आधारहरुः

(क) जिल्ला प्रशासन कार्यालय स्याङ्जामा दर्ता भई यस पलिकामा सुचीकृत भएका आमा समुहकको आ आफ्नो बिधान अनुरुप सदस्य शुल्क तिरेको हुनुपर्ने।

(ख) सामजिक संघ संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको अर्जुनचौपरी गउँपालिकाको संघ संस्था दर्ता सम्बन्धी कर्यविधी २०७९ अनुसार दर्ता भएको हुनुपर्ने।

(ग) जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको समुहको हकमा जिल्लामा नै नविकरण भएको र पालिकामा दर्ता भएको समुहको हकमा पालिकामा नै नविकरण भएको हुनुपर्ने।

(घ) सदस्य शुल्क तिरेको पुरा नाम स्पष्ट लेख्न सक्ने सदस्य सवै।

## परिच्छेद–३

## विउँपूँजी सम्वन्धी व्यवस्था

क.गाउँपालिकाले प्रदान गर्ने विउँपूँजी प्रति व्यक्ति रु २३०० (दुई हजार तीन सय रुपैया) मात्र हुनेछ।

ख. समयानुकुल बनाउन कार्यपालिबाट निर्णय गरि उक्त विउँपूँजी रकम थपघट गर्न सकिनेछ ।

ग. कार्यक्रम संचालन गर्न कुनै वित्तीय संस्थावावित्तीय संस्था सम्वद्ध कुनै व्यक्ति सँग डिम्याट खाताखोल्ने, शेयर भर्ने, शेयर बिक्रिवितरण गर्ने, लगानी शिक्षा तथा तालिम प्रदान गर्ने गरी पालिकाले सम्झौता गर्न सक्नेछ ।

## परिच्छेद–४

## विविध

क. पालिकाले प्रदान गर्ने विउँपूँजी शेयर लगानीमा मात्र प्रयोग गर्नु पर्नेछ । खातावालाले आफु खुशी प्रयोग गर्न पाउने छैन ।

ख. विउँपूँजी परिचालन एवं क्ष्एइ भर्ने कार्यको लागि कार्यालयले कुनै कर्मचारी तोक्न सक्नेछ।

ग. विउँपूँजीवाला व्यक्तिको निधन भएमा प्रचलित कानूनबमोजिम हक हस्तान्तरण हुनेछ ।

घ. यो कार्य पालिकाको सवै वडाको प्रतिनिधित्व हुने गरी ,सुरुवात दलित तथा सक्रीय सदस्य धेरै भएको समुहबाट गरिने छ।

ङ. वाधा अड्काउफुकाउः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने एवं वाधा अड्काउफुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।